# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, कात्तिक २३ गते २०३३ साल [ संख्या २९

श्री ५ को सरकार

### जल तथा विद्युत मन्त्रालयको

### सूचना

साना जल विद्युत् विकास समिति (गठन) आदेश, २०३३

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "साना जल विद्युत् विकास समिति (गठन) आदेश, २०३३" रहेको छ ।

(२) यो आदेश तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा–

"परियोजना" भन्नाले नेपाल अधिराज्यको पहाडी ग्रामीण क्षेत्रको निमित्त ससाना विद्युत् शक्ति उत्पादन गर्नको लागि श्री ५ को सरकारबाट स्वीकृत साना जल विद्युत् विकास परियोजना सम्झनुपर्छ ।

३. समितिको गठनः (१) परियोजना सञ्चालन गर्न साना जल विद्युत् विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–दफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन् :–

(क) सचिव, जल तथा विद्युत् मन्त्रालय– अध्यक्ष

(ख) चीफ इन्जिनीयर, विद्युत् विभाग– सदस्य

(ग) प्रतिनिधि, अर्थ मन्त्रालय– सदस्य

(घ) प्रतिनिधि, राष्ट्रिय योजना आयोग– सदस्य

(ङ) महाप्रबन्धक, नेपाल विद्युत् कर्पोरेशन– सदस्य

(च) महाप्रबन्धक, पूर्वाञ्चल विद्युत् कर्पोरेशन– सदस्य

(छ) परियोजना प्रमुख– सदस्य–सचिव

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिमा सदस्यहरू थपघट वा हेरफेर गर्न सक्नेछ ।

(४) समितिको आमन्त्रणमा स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकार समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित हुन सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार: परियोजना सञ्चालन गर्नु समितिको कर्तव्य हुनेछ र त्यसको सञ्चालनको लागि समितिले निम्नलिखित कामहरू गर्न सक्नेछ ।

(क) परियोजनाको सर्भेक्षण, रूपाङ्कन (डिजाइन) र लगत तयार गर्ने,

(ख) परियोजनाको निर्माण कार्य सञ्चालन गर्ने,

(ग) परियोजनाको निर्माण, सञ्चालन तथा कार्यान्वयनको सम्बन्धमा नीति निर्धारण गर्ने र ती कार्यहरूको निरीक्षण गर्ने,

(घ) परियोजनाको लागि आवश्यक कर्मचारी र सल्लाहकारहरू नियुक्त गर्ने,

(ङ) परियोजनाको कार्यान्वयनको लागि अन्य आवश्यक कार्यहरू गर्ने ।

५. समितिको कोष: (१) समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछ:–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) श्री ५ को सरकारमार्फत् कुनै विदेशी एजेन्सीबाट प्राप्त रकम वा ऋण,

(ग) अरू कुनै स्रोतबाट प्राप्त गरेको रकम ।

(२) समितिको आय व्ययको लेखा समितिले बनाएको नियमबमोजिम राखिनेछ ।

६. लेखापरीक्षण: (१) समितिको लेखापरीक्षण प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

(२) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाब किताब जाँच्न वा जचाउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. अधिकार प्रत्यायोजनः समितिले आवश्यकतानुसार आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य, सदस्य–सचिव, सदस्यहरूको उप–समिति वा परियोजनाको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

८. समितिको बैठक र निर्णयः (१) समितिको बैठक अध्यक्षले तोकेबमोजिम बस्नेछ ।

(२) अध्यक्ष र सदस्य–सचिवको अतिरिक्त अरू कुनै दुईजना सदस्य उपस्थित भएमा समितिको गणपूरक संख्या पूरा भएको मानिनेछ ।

(३) समितिमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत समेत दिन सक्नेछ ।

(४) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ।

(५) समितिको निर्णय समितिको सदस्य–सचिवद्वारा प्रमाणित गरिनेछ ।

९. नियमहरू बनाउनेः समितिले आफ्नो कार्य सञ्चालनको लागि श्री ५ को सरकारको स्वीकृति लिई आवश्यक नियमहरू बनाउन सक्नेछ ।

१०. श्री ५ को सरकारसंग सम्पर्कः समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा जल तथा बिद्युत् मन्त्रालयमार्फत् सम्पर्क राख्नु पर्नेछ ।

११. समितिको कार्यालयः समितिको प्रधान कार्यालय काठमाडौंमा र परियोजना कार्यालय सम्बन्धित परियोजना क्षेत्रमा रहनेछ ।

आज्ञाले–
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको का. मु. सचिव

४४८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।